बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय, हेटौंडा

### विद्यालय विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना २०८२

**प्रथम पटक प्रकाशित मितिः२०८२।११।१३**

यस निर्देशनालयको चालु आ. व. ०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम विद्यालय विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा **विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ५ को २ र ३** बमोजिमका शर्त पुरा गरेका सामुदायिक विद्यालयहरूले प्रस्तावित बजेटको कार्यान्वयन योजना तथा मुल्यांकनका लागि आवश्यक कागजात संलग्न गरी कार्यविधिको अनुसुची-१ बमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस निर्देशनालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

साथै सूचना सम्बन्धी विस्तृत विवरण र **विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ वेबसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।**

प्रस्तावका साथ पेश गर्नुपर्ने कागजातहरू:

- प्रस्तावित बजेटको कार्यान्वयन योजना
- विद्यालयको विपत जोखिम सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय वा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
- सुरक्षा निकायको रोहबरमा तयार पारिएको क्षतिको विवरण खुल्ने गरी गरेको मुचुल्का क्षतिको विवरण झल्कने तस्बिरहरू,
- सम्बन्धित स्थानीय तहले विपद् व्यवस्थापन कार्यक्रम कार्यन्वयन गर्न विद्यालयलाई प्राविधिक सेवा उपलब्ध गराउने प्रतिबद्धता पत्र
- चालु आर्थिक वर्षमा केन्द्रिय आयोजना कार्यान्वयन इकाइ तथा अन्य केन्द्रिय तथा प्रादेशिक कार्यालयबाट भौतिक पुर्वाधार निर्माण कार्यक्रम प्राप्त नगरेको स्थानीय तहको सिफारिस
- गत आ. व. ०८१/०८२ मा निर्देशनालय र सामाजिक विकास कार्यालयहरू बाट **विपद् बाट क्षति भएका विद्यालय पुन निर्माण कार्यक्रम** अन्तर्गत नपरेको भन्ने सम्बन्धित स्थानीय तहको सिफारिस र विद्यालयको स्वघोषणा पत्र
- **विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसुची १ बमोजिम आवेदन** फाराम र सो सँग सम्बन्धित सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि
- **सम्बन्धित स्थानीय तहको प्राविधिकबाट तयार पारेको लागत अनुमान ( प्रमाणित र छाप अनिवार्य)**
- विव्यस गठन भई हाल सम्म म्याद रहेको भन्ने व्यहोराको सम्बन्धित स्थानीय तहको सिफारिस
- मुल्यांकनका लागि आवश्यक अन्य कागजातहरू

२०८२/११/१२

गोपाल प्रसाद कँडेल

का. मु. महानिर्देशक